नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)
सिंहदरवार, काठमाडौं ।
फोन नं. ०१४२००३३१

प.सं. २०७५/०७६
च.न ..१४..

२०७५/०४/२७

विषयः-**सामाजिक परिचालिका सम्वन्धमा ।**

**श्री स्थानीय तहहरु,**
**(विगतमा महिला जागृति कार्यक्रम लागू भएका) ।**

विगतमा सामाजिक परिचालिकाहरुले जिल्ला स्थित महिला तथा बालबालिका कार्यालय अन्तर्गत रही ग्रमिणस्तरमा समूह, समिति तथा सहकारी संस्था मार्फत आर्थिक, सामाजिक रुपले पछाडि परेका विपन्न सिमान्तकृत महिलाहरुको जीवनस्तर माथि उठाउन बचत परिचालन र आयआर्जन, महिला र बालिका उपर हुने हिंसा नियन्त्रण लगायतका कार्यमा सहजीकरण गर्ने कार्य गर्दै आएका थिए । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम जिल्ला स्थित महिला बालबालिका कार्यालयबाट सम्पादन हुँदै आएका उक्त कार्यहरु स्थानीय तहमा हस्तान्तरण भइसकेको छ ।

यसै सन्दर्भमा गाउँ तथा नगरपालिकाहरुमा सञ्चालित महिला जागृति तथा आय आर्जन कार्यक्रम अन्तर्गत परिचालित ६३६ जना सामाजिक परिचालिकाहरुको चालु आ.व. २०७५/०७६ का लागि उनीहरुले पाउने सेवा सुविधा मासिक रु ९ हजार ७ सयका दरले विनियोजन गरी LMBIS मा प्रविष्ट गरिसकिएको व्यहोरा महिला बालबालिका तथा जेष्ठ नागरिकक मन्त्रालयको च.नं. ६ मिति २०७५/४/२२ को पत्रबाट लेखि आएको छ । तसर्थ सम्वन्धित स्थानीय तहहरुबाट सामाजिक परिचालिकाहरुलाई महिला जागृति तथा आय आर्जन कार्यक्रमको निर्देशिका, २०५७ बमोजिम आवश्यक व्यवस्थापनको लागि निर्णय अनुसार अनुरोध छ ।

२०७५/४/२६

(आनन्दराम विष्ट)
शाखा अधिकृत

**वोधार्थः**
१. **श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,**
**सिंहदरवार, काठमाडौं ।**
२. **श्री सूचना तथा प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**: मन्त्रालयको वेभसाइटमा अपलोड गरिदिनु हुन ।**